अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेवगर म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं : ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

प.स. - ०८२/०८३
च.नं.- १७६५

मितिः-२०८३।०३।१२
ने.सं-११४६,तछलाथ्व

# तहवृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।।।

गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ४८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तहमुनिको पदमा तोकिए बमोजिमको मापदण्ड एवं न्यूनतम सेवा अवधि पुरा भएका र तोकिएको वर्षको कार्यसम्पादन मूल्याङ्कनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा उप समूहभित्रको पदमा तह वृद्धि गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ र दफा ३१ वमोजिमको योग्यता पुरा गरेका तथा नकरात्मक सूचीमा नपरेका तहवृद्धि हुनेभन्दा एक तह मुनिको सम्बन्धित सेवा, समूह, उपसमूहको पदमा कार्यरत स्थानीय सेवाका इच्छुक स्थायी कर्मचारीहरुले तह वृद्धिको आवेदन फारम नेपाली कागजमा ३ प्रती प्रिन्ट गरी मिति २०८३।०३।२७ गते सम्म कार्यालयको प्रशासन शाखामा बुझाउनुहुन सूचित गरिन्छ। म्याद नाघी प्राप्त हुन आएका, अपुरो विवरण भरी पेश भएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारबाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

२०८३।०३।१२

कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत